OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क ३३
फाल्गुण १७, २०७२

ओपन माईक नेपाल बुलेटिनको तेत्तिसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरु मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल

## मंगलटार, काभ्रेपलाञ्चोक

"श्रीमान विदेशमा हुनुभएकोले छोराछोरीको नागरिकता बनाइदिन पाइँन। मेरो नाममा भूकम्प पीडित परिचय पत्र बनाइदिन अनुरोध गर्दा श्रीमानको नाममा घर भएकाले ऊ नभई हुँदैन भनेर बनाइदिएनन्। मैले १५ हजार पनि पाइँन, अहिलेको १० हजार पनि पाएको छैन।"

## मंगलटार, काभ्रेपलाञ्चोक

"श्रीमान बिरामी भएर अस्पतालमा भर्ना गरिरहेकै बेला भूकम्पले घर भत्कायो। गाउँमा आएको प्राविधिक टोलीलाई हाम्रो नाम टिपाइदिएनन्। श्रीमान पनि बित्नुभयो। एक्लो छु। चारवटा छोराछोरीलाई कसरी हुर्काउनु र पढाउनु?"



## मंगलटार, काभ्रेपलाञ्चोक

"गाँउमा जिल्लाको टोली आउँदा मेरो नाम छुटाएको रहेछ। घर पूरै भत्किएको भएपनि भूकम्प पीडित परिचय पत्र पाइएको छैन। १५ हजार र १० हजार रुपैयाँ राहत समेत पाइएन।"

## शंखुपाटीचौर, काभ्रेपलाञ्चोक

"घर भत्किएकोले माइतमा भाइको घरमा आएर बसेको छु। बाहिर गाविसको भनेर पालधरि दिएनन्। म पनि पीडित हो नि। मलाई कसले हेरिदिन्छ?"

जवाफ अर्को पृष्ठमा

# जवाफ

केन्द्रिय तथ्यांक विभागले भूकम्प अति प्रभावित ११ जिल्ला (काठमाण्डौ, भक्तपुर र ललितपुर बाहेक) मा घरपरिवारको विस्तृत सर्वेक्षण गरिरहेको छ।

तथ्यांक विभागले परिवारमूलीलाई घरको दैनिक व्यवहार सम्हाल्ने र घर व्यवस्थापनको निर्णय गर्ने व्यक्ति भनेर परिभाषित गरेको छ। घरमूली महिला वा पुरुष जो पनि हुनसक्छन्।

राहत वितरणको समयमा बाँडिएको भूकम्प पीडित परिचय पत्रले यो सर्वेक्षणमा असर पार्दैन।

यदि कोही महिलाको श्रीमान बितेका छन् वा कामको लागि विदेश गएका छन् भने उक्त महिला नै त्यस घरको मूली हुन्छिन्।

यदि कोहि महिला माइतमा बसेकी छन् भने उक्त महिला त्यो परिवारको सदस्यको सूचीमा पर्नेछिन्। यदि उक्त महिला आफ्नो बितेको श्रीमानको घरको सदस्यको रुपमा समावेश हुन चाहेमा उनले श्रीमानको गाँउमा गएर नाम टिपाउनु पर्नेछ।

यदि कोहि महिला भूकम्प अघि संयुक्त परिवारबाट छुट्टै बसेको र भूकम्प पछि पनि छुट्टै टहरामा बसेको भए उक्त महिलालाई अलग परिवारको मूलीको रुपमा गणना गरिनेछ।

यदि तपाईँलाई आफ्नो नाम सर्वेक्षणमा गल्तिपूर्वक छुट्याइएको लाग्छ भने स्थानीय विकास अधिकारीलाई सम्पर्क गर्नुहोस्। हरेक स्थानीय विकास अधिकारीले सर्वेक्षण व्यवस्थापन समितिको अध्यक्षता गरिरहेका छन्।

मानव अधिकारको लागि महिला नामक संस्थाले भूकम्प प्रभावित ६ जिल्ला (काठमाण्डौ, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र गोरखा) मा एकल महिलाका लागि काम गरिरहेको छ।

उक्त संस्थाले हरेक जिल्लाको गाँउ विकास समितिमा एकल महिला समूह स्थापना गरेको छ। यदि पुनर्निर्माण प्रक्रियामा विभेद महशुस भएमा एकल महिला समूहमा सम्पर्क राख्नुहोस्।

**दिनानाथ गौतम**
तथ्यांक अधिकृत
केन्द्रिय तथ्यांक विभाग
काभ्रेपलाञ्चोक
९८४१५८७१७२

**सुमिरा श्रेष्ठ**
वरिष्ठ कार्यक्रम अधिकृत
मानव अधिकारका लागि महिला
९८१८२७२०५५

# सवाल

## कुम्पुर, धादिङ

"सरकारले घरको नक्सा गाविसमा पठाएको छ भन्छ । नक्सा भेटिँदैन । गाविसमा सम्पर्क गर्दा नक्सा आएको छैन भन्छ । हातमा पैसा छ, घर बनाउन पाइएन ।"

## भिमखोरी, काभ्रेपलाञ्चोक

"सरकारले ल्याएको १७ थरिका घरको डिजाइनको पुस्तिका हालसम्म हाम्रो गाविसमा आइपुगेको छैन ।"

## सल्यानकोट, धादिङ

"भूकम्प प्रतिरोधी घर बनाउने भन्दै नक्सा सार्वजनिक गरेको भए पनि कता गयो त्यो ? कहिलेसम्म हामीले घर बनाएर बस्न पाउने हो ?"



## वरुणेश्वर, ओखलढुङ्गा

"सरकारले तोकेअनुसार घर नबनाए रकम नपाउने रे । घर बनाउने नक्सा कहाँबाट कसरी पाउने हो थाहा छैन ।"

# जवाफ

सरकारले बनाएको ग्रामिण घरको नमूनाहरू अंग्रेजी र नेपाली दुबै भाषामा www.dudbc.gov.np मा हेर्न सकिन्छ ।

शहरी विकास तथा भवन निर्माण विभागका अनुसार भूकम्प प्रभावत जिल्लाका सबै भवन डिभिजन कार्यालयमा वितरणका लागि फ्लेक्स प्रिन्टमा नमूना पठाइसकिएको छ । केहि गाविस र नगरपालिकाले आफ्नो कार्यालयमा स्थानीयले देख्ने गरी प्रर्दशन गर्न फ्लेक्स प्रिन्ट लगिसकेका छन् ।

सबै भवन डिभिजन कार्यालयले नमूनाको पुस्तिका (क्याटलग) भने राजधानीबाट लगिसकेका छैनन् ।

यदि घरधनीले भवन निर्माण संहिता पालना र नमूना पुस्तिकामा उल्लेख गरिएका न्यूनतम आवश्यकताहरू पूरा नगरी घर बनाएमा उक्त परिवारले दुई लाखको पुनर्निमाण अनुदान पाउने छैन ।

घरका नमूना हेर्नको लागि भवन डिभिजन कार्यालय, गाँउ विकास समिति वा नगरपालिका कार्यालयमा सम्पर्क राख्नुहोस् ।

रवि शाह
उपमहानिर्देशक
शहरी विकास तथा भवन निर्माण विभाग
९८५१०५६८२४

दिलिप भण्डारी
डिभिजन इन्जिनियर
भवन डिभिजन कार्यालय
धादिङ
९८४१३७८३१९

# सवाल

## शंखुपाटिचौर, काभ्रेपलाञ्चोक

"रातो स्टिकर टाँसेकै भवनमा पढाइ भइरहेको छ। यसको विकल्पको बारेमा शिक्षासँग सरोकार राख्ने सरकारी तथा गैरसरकारी निकायहरुले विशेष ध्यान दिनु जरुरी छ।"



## मन्थली, रामेछाप

"भूकम्पमा परेर ज्यान गुमाएकाको बालबच्चालाई सरकारले निशुल्क पढाइदिन्छ रे।"

# जवाफ

सरकारले भूकम्प प्रभावित जिल्लामा विद्यालय पुनर्निर्माणको लागि विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सम्झौता गरिसेकेको छ। भूकम्प अति प्रभावित १४ जिल्लामा १५०० विद्यालय पुनर्निर्माणको लागि एसियाली विकास बैंक र जापान अन्तराष्ट्रिय सहयोग निकायसँग पनि सम्झौता गरिसकेको छ।

शिक्षा मन्त्रालय र जिल्ला शिक्षा कार्यालयबाट परियोजना अनुमोदन गराइसकेका संघसंस्थाले विद्यालय पुनर्निर्माणको काम शुरु गरिसकेका छन्। संघसंस्था वा व्यक्तिले कम्तिमा पनि चार-पाँच वर्ष टिक्ने स्थायी संरचना निर्माण गर्न मात्र अनुमति पाउनेछन्।

एसियाली विकास बैंकले काभ्रेपलाञ्चोक लगाएत आठवटा अति प्रभावित जिल्लामा विद्यालय पुनर्निर्माण गर्न सहयोग गरिरहेको छ। यसअन्तर्गत काभ्रेको १८ वटा प्राथमिक विद्यालयको क्षति सर्वेक्षण गरिसकिएको र छिट्टै पुनर्निर्माण कार्य थालनी हुने जानकारी दिइएको छ।

कुन संस्थाले कुन विद्यालयको पुनर्निर्माण गर्न मद्दत गरिरहेको छ भन्ने जानकारीको लागि जिल्ला शिक्षा कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्नुहोस्।

सरकारको भूकम्पमा ज्यान गुमाएका व्यक्तिको बालबच्चालाई छात्रवृति दिने कुनै योजना छैन। सरकारी तथा सामूदायिक विद्यालयमा शिक्षा सबैको लागि नि:शुल्क छ।

नीजि विद्यालयले कम्तिमा १० प्रतिशत विद्यार्थी गरिबीको रेखा मुनि रहेका परिवारबाट भर्ना गरी छात्रवृत्ति प्रदान गर्नुपर्ने नियम छ।

केहि नीजि विद्यालयले स्वेच्छामा भूकम्पमा ज्यान गुमाएका व्यक्तिका बालबच्चालाई निशुल्क पढाइरहेका छन्।

कृष्ण पौडेल
गैरसरकारी संस्था शाखा प्रमुख
शिक्षा विभाग
९८४१५१८२६४

बालकृष्ण सिम्खडा
कार्यक्रम अधिकृत
जिल्ला शिक्षा कार्यालय
काभ्रेपलाञ्चोक
९८४१८८६०१६

# सवाल

## छेकम्पार, गोरखा

"सरकारले दिएको भूकम्प प्रतिरोधी घरको डिजाइनमा काठको प्रयोग गर्नुपर्छ रे । तर हाम्रो तिर त काठ नै पाइँदैन । कसो गर्ने होला ?"



## डडुवा, रामेछाप

"सरकारले भूकम्प पीडितलाई १० प्रतिशत सहुलियतमा काठ दिन्छ रे । "

# जवाफ

सरकारले आवास पुनर्निर्माणका लागि काठ-दाउरा आपूर्ति सहज गर्न-गराउन निर्देशिका जारी गरेको छ ।

सरकारले सामूदायिक र नीजि वनको रुखहरुबाट उत्पादित काठ आपूर्ति सहज गर्न नियमहरु केहि खुकुलो बनाएको छ ।

जस्तै, कुनै सामूदायिक वन उपभोक्ता समितिलाई आफ्नो सामूदायिक वनको ३० प्रतिशत सम्मको रुख काट्न छुट थियो भने पुनर्निर्माणका लागि निश्चित समयसम्म पाइराखेको भन्दा बढि रुख काट्न छुट दिइनेछ ।

त्यसैगरी, घरपरिवारले आफ्नो क्षति भएको घरबाट काठ-दाउरा नयाँ घर बनाउनका लागि एउटा प्रशासनिक निकायबाट अर्कोमा लैजान सक्छन् ।

आवास पुनर्निर्माणको लागि परिवारले भत्केको घरको काठ-दाउरा प्रयोग गर्नु उपयुक्त हुन्छ ।

गोरखाको छेकम्पार लगायत अन्य हिमाली सात गाविसमा सामूदायिक वा नीजि वन नभएका कारण सरकारले भूकम्पबाट कम प्रभावित वा अप्रभावित क्षेत्रबाट काठ आपूर्ति गर्ने योजना प्रस्ताव गरेको छ ।

**इमनाथ पौड्याल**
नीजि सचिव
वन तथा भुसंरक्षण मन्त्रालय
९८५५०२४०१४

**राजकुमार गुरुङ्ग**
आयोजना प्रमुख
मनास्लु संरक्षण क्षेत्र आयोजना
गोरखा
९८५६०४०२८४

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन् । फाल्गुण ६ गतेदेखि फाल्गुण १३ गतेसम्म ७ जिल्लाका करिब ४५५ जना स्थानीयवासीसँगका कुराकानी र सामुदायिक छलफल गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन् । विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन् । यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन् ।

OPEN MIC NEPAL **प्रस्तुत गर्ने संस्थाहरु**

accountabilitylab    Local Interventions Group data driven development    Internews